नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गाईघाट, उदयपुर

फोन नं. ०३५-४२२१३३
इमेल :-daoudayapur@moha.gov.np
कोशी प्रदेश, नेपाल

प.सं. ०७९/८०
चलानी नं. २५६५

मितिः-२०८०/०२/१०

विषयः- गणतन्त्र दिवस मनाउने सम्बन्धमा ।

श्री सचिव ज्यू
सबै कार्यालय र सम्बन्धित
शाखाहरूलाई जानकारी पठाउने
२०८०/०२/११

श्री जिल्ला स्थित सबै सरकारी कार्यालयहरु, उदयपुर ।
श्री जिल्ला स्थित सबै स्थानीय तहहरु, उदयपुर ।

प्रस्तुत विषयमा गृह मन्त्रालय, मूल समारोह समितिको सचिवालयको च.नं.९१२ मिति २०८०/०२/०७ गतेको पत्रबाट २०८० यही जेठ १४, १५ र १६ गते तीन दिनसम्म हर्षोल्लासपूर्वक भव्यतासाथ मनाउने सन्दर्भमा गणतन्त्र दिवस, २०८० मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यूको अध्यक्षतामा मिति २०८०/०२/०५ गते शुक्रबार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबारमा बसको बैठकबाट अनुमोदित तपशिल बमोजिमका कार्यक्रम सहित दिवस मनाउने व्यवस्था मिलाउन हुन निर्णयानुसार अनुरोध छ भनी लेखि आएकोले तहाँ कार्यालय/स्थानीय तहले यही जेठ १४, १५ र १६ गते तीन दिनसम्म गणतन्त्र दिवस मनाउने व्यवस्था मिलाउन हुन उक्त पत्रको छायाँकपी यसै साथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

२०८०/०२/१०

सुरेन्द्र गौतम
प्रशासकीय अधिकृत

२४६
२०८०/०२/११

नेपाल सरकार

# गृह मन्त्रालय

अत्यन्त जरुरी

(गणतन्त्र दिवस मूल समारोह समितिको सचिवालय)

पत्र संख्या: गणतन्त्र दिवस-२०८०
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ६१९

सिंहदरबार,
काठमाडौं, नेपाल।

मिति: २०८०/०२/०६

श्री प्रमुख जिल्ला अधिकारी, सबै।

विषय: गणतन्त्र दिवस मनाउने सम्बन्धमा।

गणतन्त्र दिवस, २०८० यही जेठ १४, १५ र १६ गते तीन दिनसम्म हर्षोल्लासपूर्वक भव्यतासाथ मनाउने सन्दर्भमा "गणतन्त्र दिवस, २०८० मूल समारोह समिति" का अध्यक्ष सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूको अध्यक्षतामा मिति २०८०।०२।०५ गते शुक्रबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकबाट अनुमोदित तपशिल बमोजिमका कार्यक्रम सहित दिवस मनाउने व्यवस्था मिलाउन हुन निर्णयानुसार अनुरोध छ।

तपशिल

१. प्रदेशस्तरीय "गणतन्त्र दिवस समारोह समिति", जिल्ला समन्वय समितिका प्रमुखको संयोजकत्वमा गठन हुने समिति एवं स्थानीय तहका प्रमुखको अध्यक्षतामा रहने "गणतन्त्र दिवस आयोजक समिति" द्वारा आयोजना हुने सरसफाई, प्रभातफेरी, खेलकूद, प्रवचन तथा साहित्यिक गोष्ठि, सांस्कृतिक कार्यक्रम, झाँकी प्रदर्शनी, रक्तदान जस्ता कार्यक्रममा शान्ति सुरक्षाको व्यवस्था सहित आवश्यकतानुसार सहजीकरण एवं समन्वय गर्ने,

२. जिल्लास्थित सबै सरकारी, सार्वजनिक एवं सामुदायिक निकाय तथा संघ-संस्थाहरुले आ-आफ्नो कार्यालय परिसर एवं ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदास्थलहरुको सरसफाई सहित सौन्दर्यीकरण अभिवृद्धि गर्न तथा तत् तत् स्थलहरुमा राष्ट्रिय झण्डा फहराउन, साँझ दीप प्रज्ज्वलन गर्न एवं साँझ घर-घरमा दीपावली गर्न अनुरोध गर्ने,

३. जिल्ला स्तरमा विभिन्न आन्दोलनका शहीद तथा बेपत्ता व्यक्तिका परिवार र घाइतेहरुलाई सम्मान गर्ने कार्यक्रम एवं स्थानीय विद्यालयहरुमा अध्ययनरत फरक क्षमता भएका विद्यार्थीहरुलाई उपयुक्त हुने शैक्षिक तथा खेलकूद सामग्री वितरण गर्ने कार्यक्रममा आवश्यकतानुसार समन्वय गर्ने।

भीमकान्त शर्मा
उपसचिव

# जिल्ला समन्वय समितिको कार्यालय

उदयपुर, गाईघाट
कोशी प्रदेश, नेपाल

फोन नं. ०३५४२२१४३, ४२२७९०
ईमेल : ddcudayapur@gmail.com

प.स.:- २०७९/८०
च.नं.:- २३२

मिति : २०८०/२/११

जिल्ला समन्वय समितिको कार्यालय उदयपुर, गाईघाट कोशी प्रदेश

विषयः गणतन्त्र दिवस मनाउने सम्बन्धमा ।

श्री स्थानीय तहहरु (सबै), उदयपुर ।
श्री जिल्ला स्थित सबै सरकारी कार्यालयहरु, उदयपुर ।
श्री संघ-संस्थाहरु (सबै) उदयपुर ।

प्रस्तुत बिषयमा गृह मन्त्रालयको च.नं. ९१२, मिति २०८०/२/७ र जिल्ला प्रशासन कार्यालय, उदयपुरको च.नं. २५७५, मिति २०८०/२/१० को पत्रको छाँयाकपि यसै साथ संलग्न छ । सोहि पत्रानुसार गणतन्त्र दिवस ३ दिनसम्म हर्षोल्लासपुर्वक भब्यताको साथ मनाउन आवश्यक व्यवस्था मिलाउनहुन निर्देशानुसार अनुरोध छ ।

२०८०/२/११

नवराज खड्का
जिल्ला समन्वय अधिकारी

नवराज खड्का
जिल्ला समन्वय अधिकारी

बोधार्थ
श्री जिल्ला प्रशासन कार्यालय, उदयपुर